नारायण बेल्वासे
अधिकृत
राष्ट्रिय सहकारी बैंक लिमिटेड

सहकारीको विशाल साम्राज्य र जनसांख्यिक यथार्थ

३२,९६५
सहकारी संख्या

९ खर्ब २३ अर्ब
५ हजार

१ करोड ९ लाख
सदस्य

९ खर्ब २३ अर्ब
कर्जा

११ खर्ब २५ अर्ब
बचत

९०,२६५
रोजगारी

नेपल’s 2026 रुपुकिताा क्रक्षडेण



हाम्रो पुँजी विशाल छ, तर बजार र भविष्य ५३%+ युवाहरूको हातमा छ।

शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

वर्ष ३३ अंक ४ काठमाडौं | १० फागुन २०८१ शनिबार फाल्गुण कृष्णपक्ष नवमी | नेपाल संवत् ११४५ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepal National Daily, Saturday, February 22, 2025

नेपाल फेरि सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट' मा

सन् २०११ म पनि 'ग्रे लिस्ट' मा परेको नेपालले कानुन निर्माण गर्ने प्रतिबद्धता गरेपछि २०१४ मा बाहिर निस्किएको थियो, योबीचमा कानुन पनि बने, तर कार्यान्वयन, संशोधन, अनुसन्धान र अभियोजनमा पर्याप्त काम नगरेको भन्दै अन्तर्राष्ट्रिय निकाय 'फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)' ले फेरि राख्यो 'ग्रे लिस्ट' मा

यज्ञ बञ्जाडे (काठमाडौं)

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अनुसन्धान र कानुन कार्यान्वयनमा राजनीतिक नेतृत्वको उपेक्षाका कारण नेपाल 'ग्रे लिस्ट' मा परेको छ। सम्पत्ति शुद्धीकरण तथा आतंकवादी गतिविधि मामिलामा निगरानी राख्ने अन्तर्राष्ट्रिय संस्था फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) को शुक्रबार साँझ फ्रान्सको पेरिसमा भएको दोस्रो महासभा बैठकले नेपाललाई 'ग्रे लिस्ट' मा राखेको हो। महासभापछि आयोजित पत्रकार सम्मेलनमा एफएटीएफकी अध्यक्ष एलिसा डे अन्डा मद्राजोले नेपाल आगामी दुई वर्षसम्म 'ग्रे लिस्ट' मा रहने घोषणा गरेकी छन्।

'यस पूर्णसत्रमा जनवादी प्रजातान्त्रिक गणतन्त्र लाओस र नेपाललाई बढी निगरानीमा पर्ने क्षेत्राधिकारको सूचीमा थपिएको छ,' उनले भनिन्, 'बढी निगरानीमा परेका राष्ट्रले तोकिएको समयमा सुधार गर्न प्रतिबद्धतासहित कार्ययोजना बनाउनुपर्छ। उनीहरूको कार्यप्रगतिअनुसार निगरानी कति समय रहने भन्ने टुंगो हुनेछ।' नेपालसँगै लाओस 'ग्रे लिस्ट' सूचीमा परेको छ भने फिलिपिन्स दुई वर्षपछि उक्त सूचीबाट बाहिरिएको छ।

सन् २०११ म पनि 'ग्रे लिस्ट' मा परेर नेपाल २०१४ मा बाहिरिएको थियो। त्यतिबेला 'कानुन निर्माण गर्छौं' भनेपछि 'ग्रे लिस्ट' बाट बाहिर निस्किएको हो। यस पटक भने ती कानुनमा सुधार र कार्यान्वयन गर्न नसक्दा 'ग्रे लिस्ट' मा परेको सरकारी अधिकारीले जनाएका छन्।

'ग्रे लिस्ट' मा पर्नुको कारण

- सहकारी र घरजग्गा कारोबारमा निगरानी नहुनु
- राष्ट्र बैंक, धितोपत्र र बिमा प्राधिकरणबाट कारबाही नहुनु
- सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग प्रभावहीन हुनु
- कानुनमै जिम्मेवारी छरपस्ट पारेर अनुसन्धानलाई कमजोर बनाइनु
- नेता तथा उच्च पदस्थ कर्मचारीको सम्पत्तिमाथि निगरानी नहुनु
- अनुसन्धान र अभियोजन नहुनु, कसुरजन्य सम्पत्ति पनि आरोपीले नै उपयोग गरिरहनु

'ग्रे लिस्ट' मा परेपछिको प्रभाव

- श्रमिकले रेमिट्यान्स पठाउँदा शुल्क बढ्ने
- प्रतीतपत्र (एलसी) खोल्दा झन्झट र महँगो हुने
- निर्यातमा समेत थप निगरानी र झन्झट बढ्ने
- वैदेशिक ऋण तथा आर्थिक सहायता घट्ने, ब्याज महँगो हुने
- प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) घट्न सक्ने
- अन्तर्राष्ट्रिय क्षेत्रले नेपाललाई हेर्ने नजर नकारात्मक हुने
- आर्थिक, वित्तीय र कूटनीतिक क्षेत्रमा आत्मबल खस्किने

कानुन निर्माण, संरचनात्मक सुधार र अनुसन्धान तथा अभियोजनको कामलाई पनि थप प्रभावकारी बनाएर निर्धारित समय अगावै ग्रे लिस्टबाट बाहिर निस्कने छौं

- विष्णु पौडेल, उपप्रधान तथा अर्थमन्त्री

बाहिर निस्कन सरकारले मात्र काम गरेर हुँदैन, सरकारी निकाय, निजी क्षेत्र, सर्वसाधारणले पनि सम्पत्ति शुद्धीकरण निवारणका मामिलामा सघाउनुपर्छ

- महाप्रसाद अधिकारी, गभर्नर

नेपाल एफएटीएफको 'ग्रे लिस्ट' मा परेकाले मुख्य गरी आर्थिक, वित्तीय र कूटनीतिक गरी तीन क्षेत्रमा असर पर्नेछ।

आर्थिक असरअन्तर्गत आयात र निर्यातमा प्रत्यक्ष प्रभाव पर्नेछ। बैंक तथा अन्तरसम्बन्धित निकायले बढी निगरानी राख्ने भएकाले लागत बढ्छ। लागत बढ्दा आयात महँगो हुनेछ। निर्यात थप झन्झटिलो हुनेछ। नेपालको धेरै व्यापार हुने भारतलगायत मुलुकलाई पनि 'शंकाले हेरिने' भएकाले अन्तर्राष्ट्रिय व्यापार नै प्रभावित हुन सक्छ।

'ग्रे लिस्ट' मा परेकाले अब व्यापारीले प्रतीतपत्र (एलसी) खोल्दा तेस्रो राष्ट्रको अर्को बैंकको ग्यारेन्टी लिनुपर्ने हुन सक्छ, बैंक तथा वित्तीय संस्था र कम्पनीले बिदेशबाट ऋण लिंदा बढी ब्याजदर तिर्नुपर्ने हुन्छ,' राष्ट्र बैंकका एक अधिकारीले भने, 'समग्रमा 'ग्रे लिस्ट' बाट बाहिर ननिस्किँदासम्म नेपालको अर्थतन्त्रमा महँगाइ बढ्नेछ, विदेशी लगानीकर्ताले लगानी गर्नुअघि धेरै पटक सोच्नेछन्।' समग्रमा महँगो अर्थतन्त्रको असर मुलुकको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) सम्म पर्ने ती अधिकारीले बताए।

बित्तीय असरअन्तर्गत विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंकलगायतले ऋण तथा आर्थिक सहायता र अनुदान घटाउनेछन्। ऋण पाउन गाह्रो र ब्याज महँगो हुनेछ। कतिपय दाताले नकारात्मक सूचीमा रहेका मुलुकलाई अनुदान र सहायता नै दिँदैनन्। प्रत्यक्ष बिदेशी लगानी पनि प्रभावित हुनेछ। बाँकी पृष्ठ ७

सम्पत्ति शुद्धीकरण भन्नाले

अपराधिक क्रियाकलापबाट आर्जित वा अन्य कुनै प्रकारबाट संकलन गरेको फोहोर धन (Dirty Money) को आयलाई वास्तविक स्वरुप वा स्रोत लुकाएर शुद्ध बनाउने प्रयास ।

Placement
The initial entry of "dirty money" into the financial system.
Integration
Money is returned into the economy as legitimate funds. The money is now "clean".
The Money Laundering Cycle
Layering
Consists of a series of transactions designed to conceal the origin of the funds.

- कानुनि कार्य वाट आजर्न गर्नेलाई प्रसय र गैरकानुनी कार्यवाट धनिहुने वा हुन चाहाने लाई निरुसाहित गर्ने अभिप्रयायले



सम्पत्ति शुद्धीकरणमा हुन आउने क्षेत्रहरु

- राजश्व छली तथा भष्टाचार , सङ्गठित अपराध , विदेशि विनिमय दुरुपयोग ,
- आतङ्ककारी क्रियाकलापमा लगानी , हातहतियार खरखजाना व्यापार ,
- ज्यान, चोरी, ठगी, किर्ते कागज, अपहरण वा शरीर बन्धक
- लागू औषधी , राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विपरित कार्य ,
- मानव बेचबिखन तथा ओसारपसार जन्य कार्य,
- सहकारी सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर जन्य कार्य
- वन सम्बन्धी, प्राचिन स्मारक संरक्षण विपरित कार्य ,
- बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर जन्य कार्य ,
- बैङ्किङ्ग कसूर तथा सजाय सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी जस्ता कार्य,
- नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य कुनै कानून अर्न्तगतको कार्य
- नेपाल पक्ष भएको कुनै सन्धि अन्तर्गतको कसूर जस्ता कार्य ।

सम्पत्ति शुद्धीकरण लागि गरिने कार्य

- उल्लेखित कार्य गरी भएको आयवाट ,
- लगानी गरी बढे वा बढाएको सम्पत्ति ,
- भोगचलन, प्रयोग, उपभोग, उपयोग वा आर्जन गरे वा गराएमा
- कारोबार वा व्यवहारवाट सम्पत्तिको स्रोत, प्रकृति, स्थान, स्वामित्व, अधिकार, कारोबार लुकाउने, उद्देश्यले रुपान्तरण, परिवर्तन वा हस्तान्तरण गरे वा गराएमा ,
- सम्पत्ति रुपान्तरण, परिवर्तन वा हस्तान्तरण गर्न वा गराउन प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै पनि सहयोग गरे वा गराएमा

कार्यान्वयनमा रहेका ऐनहरु

- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ , चौथो संसोधन २०८०
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०८१
- सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ चौथो संसोधन २०८१

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ , चौथो संसोधन २०८०

व्यवस्थापिका–संसदले बनाएको २०६४ सालको ऐन नं. २४

सम्पत्ति शुद्धीकरण गर्ने कार्यलाई निवारण गर्न बनेको ऐन

प्रस्तावना: अपराधजन्य कार्यबाट प्राप्त *सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी गर्ने कार्यलाई निवारण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ।

सहकारी सम्वन्धि विशेष व्यवस्था

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४

चौथो संसोधन २०८१

प्रस्तावना : सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ र सोअन्तर्गत बनेका नियमावलीको प्रभावकारी कार्यान्वयनद्वारा सहकारी संस्थाहरूमा हुने वित्तीय कारोबारको स्वच्छता एवं पारदर्शिता कायम गर्दै सहकारी वित्तीय प्रणालीलाई संरक्षण गर्न सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७प.को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी *भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्वीकृतिमा सहकारी विभागले यो निर्देशन जारी गरेको छ ।

कार्यबिधि निमार्ण

.... सहकारी संस्था लि.

........................, ...

सम्पत्ती शुद्धीकरण निवारण आन्तरिक कार्यविधि २०..

/

प्रस्तावना

सम्पत्ती शुद्धिकरण निवारण ऐन २०६४ को दफा ४६ ले दिएको अधिकारको प्रयोग एवं सम्पत्ती शुद्धिकरण निवारण नियमावली २०७३ लाई आधार मानी जारी भएको सम्पत्ती शुद्धिकरण तथा आतङ्कवादि क्रियाकलापमा वित्तीय लगानि सम्वन्धी सहकारी संस्थालाई जारी गरीएको निर्देशन २०७४ को प्रभावकारी कार्यान्वयन गर्न बान्छनिय भएकोले यो सम्पत्ती शुद्धिकरण निवारण आन्तरिक कार्यविधि २०.. तयार पारीएको छ।

परिच्छेद १

नाम र प्रारम्भ

१.१ नाम :

यो आन्तरिक कार्यविधिको नाम सम्पत्ती शुद्धिकरण निवारण आन्तरिक कार्यविधि २०.. रहेको छ।

१.२ प्रारम्भ :

यो आन्तरिक कार्यविधि संस्थाको संचालक समितिले निर्णय गरेको मिति देखी लागु हुने छ। आगामी वार्षिक साधारण सभाबाट अनुमोदन गरिने छ।

२७. **आन्तरिक कार्यविधिको स्वीकृति** : (१) ऐन, नियमावली र यो निर्देशनबमोजिम सम्पादन गर्नुपर्ने कार्यहरूको प्रभावकारी सम्पादनका लागि ऐनको दफा ७त. को उपदफा (१) लगायत ऐन, नियमावली र यो निर्देशनमा रहेका अन्य व्यवस्थाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न संस्थाले आन्तरिक नीति तथा कार्यविधि तर्जुमा गरी साधारण सभाबाट पारित गराई लागू गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्थाले नीति तर्जुमा गर्दा देहायका विषयसमेत समावेश गर्नुपर्नेछ :-

(क) सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र विधिव्यवहारको प्रचलन,

(ख) सम्पत्ति शुद्धीकरण, आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी तथा सम्बद्ध अपराध निवारण प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत संरचना तथा प्रभावकारितासम्बन्धी व्यवस्था र रणनीति,

(ग) सदस्य, प्रतिनिधि र कर्मचारीहरूमा उच्चतम नैतिक मर्यादास्तर (इथिकल स्ट्यान्डर्स) को अपेक्षा, झुठ्ठा विवरणको घोषणा (फल्स डेक्लेरेसन) र विचलनमा शून्य सहिष्णुता,

(ङ) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणमा संस्थाको दायित्वका सम्बन्धमा सदस्य सूचना, शिक्षा, सञ्चार गतिविधिहरूका साथै कर्मचारीहरूको दक्षता विकासमा लगानी र

(च) एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आबद्धता, नियमित प्रतिवेदन एवं अग्रतापूर्ण परिपालनासमेतबाट संस्थाको निरन्तर छवि प्रक्षेपण ।

(३) उपदफा (१) बमोजिम संस्थाले आन्तरिक कार्यविधि तर्जुमा गर्दा देहायका विषयसमेत समावेश गर्नुपर्नेछ :-

(क) आन्तरिक जिम्मेवारी तथा कार्यविभाजन,

(ख) सदस्यको पहिचान तथा अद्यावधीकरण,

(ग) जोखिम मूल्याङ्कन तथा व्यवस्थापन,

(घ) अनुगमन पद्धति,

(ङ) अस्वाभाविक, असामान्य तथा शङ्कास्पद कारोबारको पहिचान तथा प्रतिवेदन पद्धति,

(च) संस्थाको सञ्चालक समिति, लेखापरीक्षकलगायत अन्य पदाधिकारी तथा कर्मचारीले नियमित रूपमा सम्पादन गर्नुपर्ने कार्यका लागि कार्यविषय (पोर्टफोलियो) अनुसारको आवश्यक जाँचसूची (चेक लिष्ट),

कमाण्डर

कार्यान्वयन अधिकारी

तपाईंले व्यवस्थापन तहको 'कार्यान्वयन अधिकारी' नियुक्त गर्नुपर्छ। उनीहरू वित्तीय जानकारी इकाईका लागि एकमात्र सम्पर्क विन्दु हुन्। उनीहरूसँग शंकास्पद सञ्चालन रोक्ने र सञ्चालक समितिलाई अनुपालन गराउने कानूनी अधिकार हुन्छ।

कार्यान्वयन अधिकारी

- सञ्चालक समितिले व्यवस्थापनस्तरको कार्यान्वयन **अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्त गर्ने**
- कार्यान्वयन अधिकारीको नियुक्ति नभएसम्मका लागि प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापक नै कार्यान्वयन अधिकारीको समेत जिम्मेवारी बहन गर्नुपर्नेछ ।
- कार्यान्वयन अधिकारीको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल लगायतका विवरण वित्तीय जानकारी इकाई र विभागसमक्ष पेस गर्ने र परिवर्तन भएको जानकारी समेत गराउने ।

जिम्मेवारी

२२. **संस्थाको जिम्मेवारी** : ऐन, नियमावली र यो निर्देशनबमोजिम संस्थाले पूरा गर्नुपर्ने दायित्व प्रभावकारी रूपमा पूरा गर्न, गराउन आवश्यक नीति, कार्यविधि, नियन्त्रण प्रणाली, जनशक्ति, साधन, स्रोत समेतको समुचित व्यवस्था मिलाउने जिम्मेवारी सञ्चालक समितिको हुनेछ ।

२३. **प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी हुने** : ऐन, नियमावली र यो निर्देशनबमोजिम संस्थाले पूरा गर्नुपर्ने दायित्व पूरा गर्न आवश्यक व्यवस्थापकीय जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतको हुनेछ ।

२४. **कार्यान्वयन अधिकारी** : (१) संस्थाको सञ्चालक समितिले ऐनको दफा ७त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र सोअन्तर्गत जारी निर्देशिकाबमोजिमको दायित्व पूरा गर्न व्यवस्थापनस्तरको कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्त गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयन अधिकारीको नियुक्ति नभएसम्मका लागि प्रमुख कार्यकारी अधिकृतले नै कार्यान्वयन अधिकारीको समेत जिम्मेवारी बहन गर्नुपर्नेछ ।

(३) संस्थाले कार्यान्वयन अधिकारीको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, 'इमेल' लगायतका विवरण वित्तीय जानकारी इकाई र विभागसमक्ष पेस गर्नुका साथै कार्यान्वयन

(४) संस्थाले कार्यान्वयन अधिकारीले ऐनको दफा ७त. को उपदफा (४) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त देहायका कार्यहरू समेत सम्पादन गर्ने गरी तोक्नुपर्नेछ :-

(क) ऐन, नियमावली र यस निर्देशनबमोजिमको कार्य प्रभावकारी बनाउन सम्पर्क बिन्दु (फोकल प्वाइन्ट) को रूपमा काम गर्ने,

(ख) ऐन, नियमावली र यस निर्देशनबमोजिमको कार्य प्रभावकारी रूपमा गर्न नीति, कार्यविधि र प्रणालीको मस्यौदा तर्जुमा गरी पेस गर्ने,

(ग) कर्मचारी वा अन्य स्रोतवाट ऐन, नियमावली र यस निर्देशन्बमोजिम प्राप्त अस्वाभाविक वा शङ्कास्पद कारोबारसम्वन्धी सूचना विश्लेषण तथा जाँचबुझ गर्ने,

(घ) आफ्नो कार्य सम्पादन गर्न संस्थाका अन्य विभाग वा पदाधिकारीसँग विशेषज्ञ सेवा लिन वा आवश्यक जुनसुकै कागजात, विवरण वा सूचना निर्बाध रूपमा जुनसुकै बखत प्राप्त गर्न सक्ने,

(ङ) ऐन, नियमावली तथा यस निर्देशनबमोजिमको विषय कार्यान्वयन भए, नभएको अनुगमन गरी प्रतिवेदन पेस गर्ने ।

(५) कार्यान्वयन अधिकारीलाई सहयोग गर्न संस्थाले आवश्यक कर्मचारीहरूको व्यवस्थासमेत गर्नुपर्नेछ ।

सदस्य पहिचान गर्नु पर्ने

- **बचत तथा ऋणको मुख्य कारोबार नगर्ने संस्थादर्ताको आवेदन दिदा नै अनुसूची-१ बमोजिम,**

अनुसूची-१

बचत तथा ऋणको मुख्य कारोबार नगर्ने संस्था दर्ताको आवेदन दिने व्यक्ति र सदस्यको पहिचानसम्बन्धी कागजात तथा विवरणको सामान्य ढाँचा

(दफा ३ उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

क. व्यक्तिगत विवरण

१. नाम, थर :

२. जन्म मिति :

३. नागरिकता प्रमाण-पत्र नं. :

४. नागरिकता प्रमाण-पत्र जारी गर्ने कार्यालय :

५. लिङ्ग : ☐महिला ☐पुरुष ☐तेस्रो

ख. पारिवारिक विवरण

६. आमाको नाम :

७. बाबुको नाम :

८. बाजेको नाम :

९. वैवाहिक स्थिति : ☐विवाहित ☐अविवाहित ☐एकल

१०. पति वा पत्नीको नाम, थर :

ग. पेसाको विवरण

११. आफ्नो मुख्य पेसा

☐खेतीपाती

☐व्यवसाय (खुलाउने... ... ...)

☐नोकरी (खुलाउने ... ...)

☐वैदेशिक रोजगारी (खुलाउने ... ...)

☐अन्य (खुलाउने ... ...)

१२. स्थायी लेखा नम्बर भए :

१३. पति वा पत्नीको मुख्य पेसा

☐खेतीपाती

☐व्यवसाय (खुलाउने ... ...)

☐नोकरी (खुलाउने ... ...)

☐वैदेशिक रोजगारी (खुलाउने ... ...)

☐अन्य (खुलाउने ... ...)

१४. आफ्नै वा परिवारको कुनै सदस्य उच्च पदीय राजनीतिक, प्रशासनिक वा साङ्गठनिक भूमिकामा रहे, नरहेको

☐रहेको ☐नरहेको

१५. आफ्नै वा परिवारको कुनै सदस्य उच्च पदीय राजनीतिक, प्रशासनिक वा साङ्गठनिक भूमिकामा भए विवरण

(१) नाम :

(२) नाता :

(३) पद वा सार्वजनिक भूमिका :

घ. रहनसहनको विवरण

१६. स्थायी ठेगाना

(१) प्रदेश :

(२) महा/उपमहा/नगरपालिका/गाउँपालिका :

(३) वडा :

(४) गाउँ/टोल :

(५) घर नं. :

(६) सम्पर्क नं.:

१७. अस्थायी ठेगाना

(१) प्रदेश :

(२) महा/उपमहा/नगरपालिका/गाउँपालिका :

(३) वडा :

(४) गाउँ/टोल :

(५) घर नं. :

१८. संस्थाको कार्यक्षेत्रको बसोबास : ☐ स्थायी ☐ अस्थायी

१९. मतदाता परिचय-पत्र नं. :

२०. मतदानस्थल : ... ...

ङ. सहकारी सदस्यता

२१. संस्थाको सदस्य बन्नुको उद्देश्य :

२२. आफैं अर्को सहकारी संस्थाको पनि सदस्य भए, नभएको

☐ भएको ☐ नभएको

२३. आफैं अर्को सहकारी संस्थाको पनि सदस्य भएको भए विवरण

सि. नं.	संस्थाको नाम, ठेगाना	सदस्यता नं.
(१)		
(२)		
(३)		
(४)		
(५)		

च. आयस्रोतको विवरण

२४. वार्षिक पारिवारिक (आफ्नो, पति वा पत्नीको र एउटै भातभान्छाका सदस्यहरूको) आम्दानी (जग्गाको खुद आयस्ता, नोकरीको पारिश्रमिक, व्यवसायको मुनाफा, इत्यादि)

☐ रु. ४ लाखसम्म

☐ रु. ४ लाखभन्दा बढी रु. १० लाखसम्म

☐ रु. १० लाखभन्दा बढी रु. २५ लाखसम्म

☐ रु. २५ लाखभन्दा बढी रु. ५० लाखसम्म

☐ रु. ५० लाख बढी

२५. अभिलेखमा राख्नयोग्य थप विवरण वा द्रष्टव्य

... ...

... ...

... ...

छ. स्व-घोषणा

(१) मैले पेस गरेको यो विवरणमा भविष्यमा कुनै परिवर्तन आएमा त्यस्तो परिवर्तन भएका मितिले ३५ दिनभित्र संस्थामा पेस गर्नेछु ।

(२) मैले माथि पेस गरेको मेरो सम्पूर्ण विवरण ठीक, दुरुस्त छ । झुट्टा ठहरे कानुनबमोजिम सहुँला, बुझाउँला ।

दस्तखत :

नाम :

औंठाछाप

दायाँ	बायाँ

मिति :

ज. संलग्न कागजातहरू

☐ नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि

झ. सिफारिस (दर्ता भएपश्चात् हुने सदस्यको हकमा)

यसमा उल्लेख भएका श्री ... ... लाई म राम्ररी चिन्दछु । निजले मेरो रोहबरमा सहीछाप गरेका हुन् । मैले जानेबुझेसम्म निजले पेस गरेको विवरण ठीक भएकाले निजको निवेदनअनुसार सहकारी संस्थाको सदस्यता प्रदान गर्न सिफारिस गर्दछु ।

सिफारिसकर्ता सदस्यको	सिफारिसकर्ता सदस्यको
दस्तखत :	दस्तखत :
नाम :	नाम :
सदस्यता नं. :	सदस्यता नं. :

अनुसूची-२

सहकारी ऐन, २०७४ को दफा ३० को उपदफा २ बमोजिम संस्थामा कानुनी व्यक्तिको पहिचान तथा सम्पुष्टि सम्बन्धी विवरण (KYM) फारामको ढाँचा

(दफा ३ को उपदफा (२) को खण्ड (ख) सँग सम्बन्धित)

१. संस्थाको विवरण :

२. नाम :

३. दर्ता नं. :

४. दर्ता मिति :

५. दर्ता गर्ने कार्यालय :

६. नवीकरणको मिति :

७. मुख्य कार्यालयको ठेगाना :

८. संस्थाको मुख्य उद्देश्य :

९. व्यवसाय वा कारोबारको किसिम :

१०. कार्यक्षेत्र :

११. शाखा सङ्ख्या र स्थान :

१२. संस्था वा निकाय स्थापना तथा सञ्चालन गर्न प्रचलित कानूनबमोजिम कुनै विनियम, विधान आवश्यक हुनेमा स्वीकृत विनियम, विधान वा सोही प्रकृतिको अन्य कागजातको प्रतिलिपि र त्यस्तो विनियम, विधान वा कागजात नहुनेको हकमा आधिकारिक पत्र :

१३. वार्षिक अनुमानित कारोबार :

१४. पछिल्लो आर्थिक कारोबारको वित्तीय विवरण :

१५. पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाण-पत्र वा कर दाखिला विवरण :

१६. सञ्चालक समितिका सदस्य, कार्यकारी प्रमुख र खाता सञ्चालकको संस्थाको सदस्य हुनको लागि पेस गरेको अनुसूची-१ र अनुसूची-३ बमोजिम पहिचान विवरण :

१७. प्यान/भ्याट दर्ता नं. :

१८. सञ्चालक समितिको निर्णय :

१९. संस्थाले आवश्यक ठानेका अन्य विवरणहरू :

वर्गीकरण

उच्च जोखिम (High Risk) - प्रत्येक १ वर्षमा अद्यावधिक

मध्यम जोखिम (Medium Risk) - प्रत्येक २ वर्षमा अद्यावधिक

न्यून जोखिम (Low Risk) - प्रत्येक ३ वर्षमा अद्यावधिक



अनुहार

वास्तविक धनी को हो?

KYC अब केवल कागजी प्रक्रिया मात्र होइन। तपाई कानूनी रूपमा 'वास्तविक धनी' (Beneficial Owner) पहिचान गर्न बाध्य हुनुहुन्छ। प्रोक्सी खाताको पछाडि लुकेर पैसा नियन्त्रण गर्ने अन्तिम प्राकृतिक व्यक्तिलाई उजागर गर्नैंपर्छ।



➢(ह) "स्वदेशी उच्चपदस्थ व्यक्ति" भन्नाले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकारका मन्त्री, प्रदेश सरकारका मुख्य मन्त्री, संघीय संसदका सदस्य, संवैधानिक निकायको पदाधिकारी, प्रदेश सभाका सभामुख, प्रदेश सरकारका मन्त्री, नेपाल सरकारका विशिष्ट श्रेणी वा सो सरह वा सोभन्दा माथिका पदाधिकारी, उच्च अदालतको न्यायाधीश वा सोभन्दा माथिल्लो तहको न्यायाधीश, प्रदेश सभाका उपसभामुख, प्रदेश सभाका सदस्य, राष्ट्रियस्तरको राजनीतिक दलको केन्द्रीय पदाधिकारी, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, नगरपालिकाका प्रमुख तथा उपप्रमुख, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थाको उच्च पदाधिकारी वा त्यस्तो जिम्मेवारी भएको वा पाएको व्यक्ति सम्झनु पर्छ।

उच्च पदस्थ व्यक्तिको पहिचानका लागी व्यवस्था

२. सम्पति शुद्दीकरण निवारण सम्वन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको निर्देशन, २०७४ को दफा ८ को २ पछि देहायको दफा (२क) थप गरिएको छः,

"(२क.) सहकारी संघ/संस्थाले उच्च पदस्थ व्यक्तिको विवरण राख्दा देहाय वमोजिम वर्गीकरण गरी राख्नु पर्नेछ ।

क) पदमा रहेका उच्च पदस्थ व्यक्ति

ख) पदमा नरहेका उच्च पदस्थ व्यक्ति"

३. दफा ८ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ,

"(३) उच्च पदस्थ व्यक्तिको अभिलेख पछिल्लो पटक निज पदवाट हटेको मितिले कम्तीमा पनि दश वर्षसम्म राख्नु पर्नेछ।"

जोखिम मुल्यान प्रतिवेदन पेश सम्वन्धमा

४. दफा १३ को उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राखिएको छ,

"(२) सहकारी संघ/संस्थाले ऐनको दफा ७घ. तथा दफा ३५ बमोजिम सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धी संस्थागत जोखिमको पहिचान तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र तयार गरी सहकारी विभागमा पेश गर्नुपर्नेछ । यसरी जोखिम मूल्यांकन गर्दा संस्थाले

सदस्य (Member), सेवा (Product), भौगोलिक क्षेत्र (Geographic Location) तथा सेवा प्रवाह गर्ने माध्यम (Delivery channel) लगायत AML/CFT (सम्पति शुद्दीकरण, आतंककारी कार्य वा आमविनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण) सम्वन्धी जोखिमको पहिचान एवम् विश्लेषण गरी मूल्यांकन गर्नु पर्नेछ । साथै उपरोक्त अनुसार जोखिम मुल्यांकन गर्नु अघि मूल्यांकनको पद्धति तथा वस्तुगत आधार तयार गरी सहकारी विभागमा पेश गर्नुपर्नेछ ।"

६. दफा १३ को उपदफा (५) पछि देहायको उपदफा (६) र (७) थप गरिएको छ,

"(६) सहकारी संघ/संस्थाले उपदफा २ बमोजिमको जोखिम मूल्यांकन प्रतिवेदनको आधारमा प्रत्येक आर्थिक वर्षमा जोखिमको विश्लेषण अद्यावधिक गरी सोही बमोजिम नीति तथा कार्यविधिमा आवश्यक परिमार्जन गरी जोखिममा आधारित वार्षिक कार्ययोजना बनाई लागू गर्नु पर्नेछ।"

"(७) सहकारी संघ/संस्थाले सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणका सम्बन्धमा वर्ष भरी गरेका काम कारवाहीको समीक्षासहितको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र सहकारी विभागमा पेश गर्नुपर्नेछ। यसरी पेश हुने प्रतिवेदनमा संस्थाले सम्पति शुद्दीकरण निवारण सम्बन्धी कार्यविधि बनाए/नबनाएको, बनाएकोमा सो कार्यविधिमा परिमार्जन गरे/नगरेको, जोखिम विश्लेषण गरिएको/नगरिएको, गरिएको भए सो आधारमा वर्गीकरण गरिएको सदस्यहरुको संख्या, वित्तीय जानकारी इकाइको गोएमएल सिस्टममा आवद्द भए/नभएको, आवद्द भएको भए गोएमएल सिस्टममा पठाइएको प्रतिवेदनको संख्या, कार्यान्वयन अधिकारीको नाम र सम्पर्क नंबर, सहकारी संस्थाको जम्मा सदस्य संख्या र सदस्य पहिचान तथा सम्पुष्टि गरिएका सदस्य संख्या लगायत संस्थाले गरेका अन्य काम कारवाही समावेश हुनु पर्नेछ।"

अनुसुची ३ को फारम पेश गर्ने व्यवस्था

५. दफा १३ को उपदफा (३) को सट्टामा देहायको उपदफा (३) राखिएको छ,

"(३) सहकारी संघ/संस्थाहरुले सदस्यहरुको सम्पति शुद्धीकरण निवारण सम्वन्धी विवरण अनुसूची ३ को ढाँचामा प्रत्येक वर्ष श्रावण मसान्तभित्र सहकारी विभागमा पेश गर्नु पर्नेछ ।"

सीमा कारोबारको स्रोत खुलाउने

"(१९) सीमा कारोबारको प्रतिवेदन : (१) संस्थाले ऐनको दफा १०क. बमोजिमको सीमा कारोबार (थ्रेस्होल्ड ट्रान्जेक्सन) सम्बन्धी प्रतिवेदन कारोबार सम्पन्न भएको मितिले १५ दिनभित्र वित्तीय जानकारी इकाईले तोकेबमोजिमको ढाँचामा वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ ।

स्पष्टीकरण :— सीमा कारोबार (थ्रेस्होल्ड ट्रान्जेक्सन) भन्नाले नेपाल राष्ट्र बैंकले तोकेको देहायको कारोवारलाई सम्झनुपर्छ :—

क) कुनै सदस्यले संस्थामा एकै पटक वा पटक/पटक गरी एक दिनमा कुनै खातामा गरेको रु.१० लाख वा सो भन्दा बढी रकमको नगद जम्मा कारोबार वा एकै पटक वा पटक पटक गरी एक दिनमा कुनै खातावाट गरेको रु.१० लाख वा सो भन्दा बढी रकमको नगद खर्च कारोवार।

ख) कुनै सदस्यले एकै पटक वा पटक/पटक गरी एक दिनमा सम्बन्धित सहकारी संस्थाको बैंक तथा वित्तीय संस्थाको खातामा गरेको रु.१० लाख वा सो भन्दा बढी रकमको नगद जम्मा कारोवार ।

नोटः सदस्यले सहकारी संस्थामा पेश गर्ने बैंक तथा वित्तीय संस्थाको नगद जम्मा भौचर अनुसार प्रतिवेदन गर्नुपर्ने ।

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको कारोवारको विवरण वित्तीय जानकारी इकाइमा पठाउनु पर्ने छैन ।

क) संस्थाले सहकारी ऐन, २०७४ बमोजिम संस्थासँग कारोबार गर्न पाउने सरकारी कार्यालय, विशेष ऐन अन्तर्गत स्थापित निकायसँगको कारोबार ।

ख) संस्थाले आफ्नो कर्मचारीलाई प्रचलित कानुन बमोजिम कर्जा सापटी वा सुविधा प्रदान गरेको कारोवार ।

ग) सहकारी संघ/संस्थाले कुनै पनि वैंक वा वित्तीय संस्थासँग गरेको नगद कारोबार ।

घ) सहकारी संघ/संस्थाले सहकारी वैंकसँग गरेको नगद कारोबार ।

तर छुट दिइएको उक्त कारोबारहरूको हकमा शंकास्पद कारोवारको पहिचान गर्न र सो बमोजिमको विवरण तयार गरी वित्तीय जानकारी इकाईमा पठाउन छुट दिएको मानिने छैन।

संस्कामक कारोबारको स्रोत खुलाउने

(क) कुनै सम्पत्ति, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर वा अन्य कसूरसँग सम्बन्धित भएको शङ्का लागेमा वा शङ्का गर्नुपर्ने मनासिब आधार भएमा वा

(ख) कुनै सम्पत्ति, आतङ्ककारी कार्य, आतङ्ककारी व्यक्ति वा आतङ्ककारी संगठन वा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसँग सम्बन्धित वा जोडिएको वा त्यस्तो कार्यमा वा त्यस्तो व्यक्ति वा संगठनबाट प्रयोग हुन सक्ने शङ्का लागेमा वा शङ्का गर्नुपर्ने मनासिब आधार भएमा ।

(२क) संस्थाले उपदफा (२) बमोजिम कुनै सदस्यले शंकास्पद कारोबार गर्ने प्रयास मात्र गरेमा समेत प्रतिवेदन दिनु पर्नेछ ।

(३) अनुसन्धान गर्ने निकायहरुबाट अनुसन्धानका सिलसिलामा कुनै व्यक्ति वा संस्थाको विवरण वा सुचना माग गरेको अवस्थामा शंकास्पद देखिने नयाँ तथ्य वा विषय जानकारीमा आएको

१०. दफा २१ को उपदफा (१) पछि देहायको उपदफा (२) थप गरिएको छ,

"(२) सहकारी संघ/संस्थामा भएको कारोवारको आधारमा सीमा तथा शंकास्पद कारोवार वित्तीय जानकारी इकाईमा पेश गर्नु पर्ने अवस्थामा सीमा तथा संकास्पद कारोवार/क्रियाकलापको प्रतिवेदन अनिवार्य रुपमा वित्तीय जानकारी इकाईको goAML Software System (Production Environment) वाट मात्र पेश गर्नु पर्नेछ। यसको लागि संघ/संस्थाहरुले आफ्नो कोर सिस्टम वा अन्य विद्युतीय माध्यममा सदस्यको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ ।"

११. दफा २४ को उपदफा (८) पछि देहायको उपदफा (९) थप गरिएको छ,

"(९) सहकारी संघ/संस्थाले शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन पठाउदा संस्थाको कार्यान्वयन अधिकारीको एकाघर परिवार वा नजिकको नातेदार हुने अवस्था देखिएमा व्यवस्थापक/प्रमुख कार्यकारी अधिकृतले सोको एकीन गरी अन्य कर्मचारीवाट प्रतिवेदन पठाउने व्यवस्था गर्ने र सोको जानकारी संचालक समितिलाई दिनु पर्नेछ ।"

१३. दफा ३१ को उपदफा (५) पछि देहायको उपदफा (६) थप गरिएको छ,

"(६) सहकारी संघ/संस्थाले ऐनको दफा ३५च बमोजिम सूचीकृत परिपालना परीक्षकबाट सम्परीक्षण गराई प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र ऐनको दफा ३५ङ. मा समावेश भएका विषयहरु समेटी परिपालना प्रतिवेदन सहकारी विभाग समक्ष पेश गर्नुपर्नेछ।"

१४. दफा ३२ को उपदफा (५) को सट्टामा देहायको उपदफा (५) राखिएको छ,

(५) सहकारी संघ/संस्थालाई यस दफा वमोजिम वा निर्देशनका अन्य व्यवस्था उल्लंघनका सम्वन्धमा कारवाही तथा सँजाय हुने अवस्थामा वा त्यस्तो सँजाय संस्थाको कुनै पदाधिकारी वा कर्मचारीको काम कारवाहीको कारणले हुने देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई उल्लंघनको गाम्भिर्यता र नियतगत मनशायलाई समेत विचार गरी सम्वन्धित संस्थाले प्रचलित कानून वा संस्थाको विनियम बमोजिम कारवाही गर्नुपर्नेछ ।

तर, सहकारी संघ/संस्थाले उक्त कारवाही नगरेमा विभागले त्यस्तो पदाधिकारी वा कर्मचारीलाई कारवाहि गरी त्यसरी कारवाही नगर्ने संस्थाको संचालक वा सम्बन्धित पदाधिकारीलाई परिपालनाको अवस्था, विषयको गाम्भीर्यता र सहकारी संघ/संस्थाको प्रकृति अनुसार रु १० लाख देखि ५ करोड सम्मको जरिवाना वा पदबाट हटाउने वा दुवै कारवाही गर्न सक्नेछ ।

१५. दफा ३३ को उपदफा (७) पछि देहायको उपदफा (८) थप गरिएको छ,

(८) यस निर्देशन अनुसार सहकारी संघ/संस्थाहरुले सहकारी विभागमा पठाउनु पर्ने विवरण, प्रतिवेदन तथा कार्ययोजना विभागले प्रकाशित गरेको सूचना अनुसारको माध्यम प्रयोग गरी पठाउनु पर्नेछ। सो अनुसार विभागले सूचना जारी नगरेसम्मको लागि विभागको इमेल ठेगाना amlcft@deoc.gov.np मा पठाउनु पर्नेछ।

परिपालना परिक्षकको व्यवस्था

- ३५ङ. <u>परिपालना प्रतिवेदन पेश गर्नु पर्ने:</u> (१) बैङ्क तथा वित्तीय संस्था, बीमा, क्यासिनो, धितोपत्रको कारोबार गर्ने संस्था, घर जग्गाको व्यावसायिक कारोबार गर्ने संस्था, बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका सूचक संस्थाले यस ऐन बमोजिम सम्पादन गर्नु पर्ने कामको उपयुक्तता र प्रभावकारिता सुनिश्चित गर्न दफा ३५च. बमोजिम सूचीकृत परिपालना परीक्षकबाट प्रत्येक वर्ष देहाय

(२) उपदफा (१) बमोजिमको सम्परीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र सम्पन्न गरी त्यसको प्रतिवेदन दिनु पर्नेछ।

(३) नियमनकारी निकायले उपदफा (२) बमोजिमको प्रतिवेदनमा चित्त नबुझेमा वा कुनै सूचक संस्थाको विस्तृत सम्परीक्षण गर्न आवश्यक देखेमा सम्बन्धित सूचक संस्थाले खर्च व्यहोर्ने गरी जुनसुकै बखत कुनै पनि सूचक संस्थाको सम्परीक्षण गर्न वा गराउन सक्नेछ।

बमोजिमका विषयमा सम्परीक्षण गराई नियमनकारी निकाय समक्ष परिपालना प्रतिवेदन पेश गर्नु पर्नेछः-

(क) आवश्यक नीतिगत, संस्थागत, प्राविधिक र नियन्त्रण संरचना र सोको उपयुक्तता सम्बन्धी,

(ख) संस्थागत कार्यक्षेत्र बमोजिमको जोखिम मूल्याङ्कन, जोखिममा आधारित प्रणालीको स्थापना र त्यसको प्रभावकारिता सम्बन्धी,

(ग) वार्षिक कार्ययोजनाको कार्यान्वयन, प्रतिवेदन प्रणाली र अनुगमन सम्बन्धी,

(घ) जोखिम मूल्याङ्कन, नीतिगत, संस्थागत, प्राविधिक, नियन्त्रण, कार्यान्वयन संरचना र प्रभावकारितामा रहेका कमजोरी पहिचान र सुधार सम्बन्धी,

(ङ) नियमनकारी निकायले क्षेत्रगत रुपमा निर्धारण गरेका अन्य विषय सम्बन्धी।

(२) उपदफा (१) बमोजिमको सम्परीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र सम्पन्न गरी त्यसको प्रतिवेदन दिनु पर्नेछ।

३५च. <u>परिपालना परीक्षकको सूचीकरण:</u> (१) दफा ३५ङ. बमोजिम परिपालना परीक्षकको रूपमा काम गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको विवरण तथा कागजात संलग्न गरी सूचीकरणको लागि वित्तीय जानकारी इकाईमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर वित्तीय जानकारी इकाईले आवश्यक जाँचबुझ गरी निवेदक दफा ३५छ. बमोजिम परिपालना परीक्षकको रूपमा काम गर्न योग्य रहेको पाइएमा निवेदकलाई सूचीकृत गरी त्यसको जानकारी दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिलाई सूचीकृत गर्न नमिल्ने भएमा त्यसको आधार र कारण खोली निवेदकलाई जानकारी दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम परिपालना परीक्षकको रुपमा सूचीकृत भएको व्यक्तिमा दफा ३५छ. बमोजिमको योग्यता कायम नभएमा परिपालना परीक्षकको रुपमा काम गर्न पाउने छैन र त्यस्तो अवस्थामा वित्तीय जानकारी इकाईले निजको नाम सूचीबाट हटाउनेछ।

Monitoring

Be Respectful
Be Responsible
Totals
Parent Signature
MOM


SERRANO, Francisco
SERRANO, Oscar
QUIROZ-GUZMAN, Amelia
SERRANO, Arturo
MACIAS, Jorge
GONZALEZ, Maria
VAZQUEZ-MACIAS, Gloria
MACTIER, Rose
MACTIER, Clarence
GREEN, Valerie
GONZALEZ, David
SALINAS, Juan
GULIZIA, Cecilia
CHICA, Rafael
Associate
Related




Third Parties
Deposit Fraud Proceeds
Account Holder
Deposits Fraud Proceeds
Disclosure Subject 1
Business Account
Withdraws Cash & Purchases Casino Chips
Casino
Redeems Chips & Deposits Cash
Account Holder
Purchases
Deposits
Associate
Personal Account
Deposit
Bank Draft
Casino Cheques
Casino Front Money Account
Disclosure Subject 2
Account Holder
Personal Account
Purchases
Bank Drafts
Negotiates & Deposits
Electronic Funds Transfers
Deposits
International Third Parties
Casino Cheques

Regulation and Supervision

00. COVER

AML / CFT COMPLIANCE

PEP

EDD

उच्च जोखिमका सदस्यहरूको पहिचान तथा व्यवस्थापन

KYM

AML

COMPLIANCE

01. THE CORE PHILOSOPHY

HIGH RISK ≠ CRIMINAL

उच्च जोखिमको अर्थ ‘अपराधी’ होइन।
यसको अर्थ Enhanced Due Diligence (थप सावधानी) अपनाउनुपर्ने अवस्था हो।

THE RISK EQUATION

[अवैध पैसा] + [सहकारी प्रणाली] = उच्च जोखिम (High Risk)

↓

जसको माध्यमबाट गैरकानुनी वा शंकास्पद पैसा सहकारीमा आउने वा शुद्धीकरण हुने सम्भावना बढी हुन्छ, ती सदस्यहरू 'उच्च जोखिम' वर्गमा पर्छन्।

03. RISK PILLAR I

POLITICALLY EXPOSED PERSONS (PEPs)

आधार १: उच्च पदस्थ व्यक्ति

परिचय: समाज वा सरकारमा ठूलो पद, अधिकार वा शक्तिमा रहेका व्यक्ति र उनीहरूका नातेदार।

उदाहरण: मन्त्री, सांसद, मेयर, न्यायाधीश, उच्च कर्मचारी।

जोखिम किन? अधिकारको दुरुपयोगबाट प्राप्त अवैध सम्पत्ति (भ्रष्टाचार/घूस) सहकारीमार्फत व्यवस्थापन हुन सक्ने सम्भावना।

उच्च पदस्थ व्यक्ति

राजनीतिज्ञ

PEP

राजनीतिज्ञ,
उच्च पदस्थ
अधिकारी र
उनीहरूका
परिवार स्वतः
उच्च-जोखिम वर्गमा पर्छन्। उनीहरुको लागि
विस्तारित ग्राहक पहिचान (Enhanced Due Diligence)
अनिवार्य छ र प्रणालीमा तत्काल फ्ल्याग गरिनुपर्छ।

04. RISK PILLAR II

TRANSACTION-BASED RISK

आधार २: कारोबारको प्रकृति
सदस्यले गर्ने पैसाको लेनदेनको आकार, तरिका र गति अस्वाभाविक भएमा।

CASH

बारम्बार ठूलो नगद जम्मा वा झिक्ने।

MISMATCH

सामान्य आम्दानी तर एक्कासि करोडौंको कारोबार।

SPEED

छोटो समयमा जम्मा गर्ने र तुरुन्तै झिक्ने।

OCCUPATION & BUSINESS

आधार ३: पेसा वा व्यवसाय | नगद कारोबार धेरै हुने वा स्रोत पुष्टि गर्न कठिन हुने क्षेत्रहरू:

घरजग्गा / रियल स्टेट
(Real Estate)

सुनचाँदी / गहना
(Gold & Jewelry)

क्यासिनो / म्यानपावर
(Casino & Manpower)

गैरसरकारी संस्था
(NGO/INGO)

IDENTITY & BACKGROUND

आधार ४: पहिचान र पृष्ठभूमि
KYC कागजात नदिने वा लुकाउने।
वास्तविक धनी (Beneficial Owner) अर्कै हुनु।
वित्तीय अपराधको पृष्ठभूमि हुनु।

जसले आफ्नो सही परिचय दिन हिचकिचाउँछ, उसको मनसाय वा पैसाको स्रोत शंकास्पद हुन्छ। अवैध कारोबारको पूर्वतयारी।

07. RISK PILLAR V

GEOGRAPHICAL RISK

आधार ५: भौगोलिक कार्यक्षेत्र



यस्ता क्षेत्रबाट आउने रकमको वास्तविक स्रोत पुष्टि गर्न कठिन हुन्छ।

THE DIAGNOSTIC MATRIX

- उच्च पदस्थ (PEP) | जिम्मेवार सरकारी/राजनीतिक पद?
- कारोबार (Transaction) | अस्वाभाविक वा धेरै ठूलो?
- पेसा (Occupation) | नगद वा उच्च जोखिमको सम्भावना?
- पहिचान (Identity) | परिचय र विगत विश्वसनीय छ?
- भूगोल (Geography) | कारोबार हुने स्थान जोखिमयुक्त छ?

ENHANCED DUE DILIGENCE (EDD)

01	02	03
KYM अद्यावधिक (विवरण राम्रोसँग लिने र अपडेट गर्ने)	**स्रोत पहिचान** (आयको स्रोत र कारोबारको उद्देश्य बुझ्ने, कागजात माग्ने)	**निगरानी** (कारोबारको नियमित अनुगमन गर्ने र शंकास्पद लागेमा रिपोर्ट गर्ने)

SECURING THE SYSTEM



उच्च जोखिमको सही पहिचान र व्यवस्थापनले मात्र सहकारीलाई सम्पत्ति शुद्धीकरणको जोखिमबाट सुरक्षित राख्न सक्छ।

DEFINING MEDIUM RISK

'मध्यम स्तरको जोखिम' भन्नाले ती सदस्यहरूलाई जनाउँछ जसको कारोबार वा पृष्ठभूमि न त पूर्ण रूपमा सुरक्षित (निम्न जोखिम) देखिन्छ, न त प्रत्यक्ष रूपमा उच्च जोखिमयुक्त नै हुन्छ।

01. RISK CLASSIFICATION

01

POSITION (पद)

स्थानीय तहका साना जनप्रतिनिधि, मध्यम तहका कर्मचारी, वा राजनीतिक दलका स्थानीय स्तरका पदाधिकारीहरू। (नोट: PEPs उच्च जोखिममा पर्छन्)। पर्छन्)

02

PROFESSION (पेसा/व्यवसाय)

साना तथा मध्यम ठेकेदार, परामर्शदाता (Consultants), एजेन्ट/दलाल, आयात-निर्यातमा संलग्न साना व्यापारी।

03

TRANSACTION (कारोबार)

तोकिएको मध्यम दायराको रकमको नियमित कारोबार गर्ने, अस्वाभाविक रकमको कारोबर नगर्ने सदस्यहरू।

HIGH RISK (उच्च जोखिम)	MEDIUM RISK (मध्यम जोखिम)
वर्ग: PEP, घरजग्गा/सुनचाँदी व्यवसायी, NGOs।	**वर्ग:** मध्यम तहका पेसाकर्मी, साना व्यवसायी।
कारोबार: अत्यधिक नगद, जटिल ढाँचा, उच्च रकम।	**कारोबार:** मध्यम परिमाणको नियमित, पेसासँग मेल खाने।
पहिचान: विस्तृत सदस्य पहिचान (Enhanced CDD)।	**पहिचान:** सामान्य सदस्य पहिचान (Standard CDD)।
अनुगमन/पुनरावलोकन: निरन्तर अनुगमन। वार्षिक रूपमा (1 Year) विवरण अद्यावधिक।	**अनुगमन/पुनरावलोकन:** आवधिक अनुगमन। २ वर्षमा (2 Years) विवरण अद्यावधिक।

BENEFICIAL OWNER = “WHO”

कारोबार वा संस्थाको पछाडि नियन्त्रण गर्ने वा लाभ लिने अन्तिम प्राकृतिक व्यक्ति (Natural Person) को पहिचान।

EDD (Enhanced Due Diligence) = “HOW DEEP”

उच्च जोखिम भएका सदस्यहरुको आम्दानीको स्रोत, कारोबारको औचित्य र पृष्ठभूमिबारे गहिरो अनुसन्धान गर्ने विशेष प्रक्रिया।



PIERCING THE CORPORATE VEIL

संस्थागत सदस्यहरू (कम्पनी, फर्म, सहकारी, NGO) को हकमा कागजातमा कम्पनीको नाम भए पनि २५% भन्दा बढी सेयर भएको वा निर्णय प्रक्रिया नियन्त्रण गर्ने अन्तिम प्राकृतिक व्यक्ति नै "वास्तविक धनी" हो। लुकेर गैरकानुनी कारोबार नहोस् भन्नका लागि यो पहिचान अनिवार्य छ।

03. ENHANCED DUE DILIGENCE (EDD)

उच्च व्यवस्थापन स्वीकृति (Senior Management Approval) - सञ्चालक समिति वा CEO को पूर्व स्वीकृति अनिवार्य।

स्रोतको पुष्टि (Wealth & Funds) - समग्र सम्पत्ति (Source of Wealth) र जम्मा हुने रकमको स्रोत (Source of Funds) को आधिकारिक प्रमाण।

आर्थिक औचित्य (Economic Rationale) - कारोबारको प्रकृति घोषित आम्दानीसँग मेल खान्छ/खाँदैन परीक्षण।

निरन्तर अनुगमन (Stringent Monitoring) - सीमा (Threshold) भन्दा बढी वा अस्वाभाविक कारोबारको सूक्ष्म छानबिन।



NATURAL PERSONS & PEPS

आम्दानी तथा सम्पत्तिको स्रोत (Income/Assets)

तलब पे-स्लिप, कर चुक्ता प्रमाणपत्र, घरजग्गा बिक्री/भाडा सम्झौता, सेयर लाभांश प्रमाण, पछिल्लो ६ महिना वा १ वर्षको बैंक स्टेटमेन्ट।

पद र हैसियत (Status)

PEP वा उच्च पदस्थ अधिकारीको सेवा निवृत्त/बहाल रहेको आधिकारिक पत्र।

नातागत विवरण (Associations)

परिवारका सदस्यहरू र नजिकका सहयोगीहरू (Close Associates) को विवरण।

LEGAL ENTITIES

वित्तीय तथा कर विवरण (Financials & Tax)

पछिल्लो १ देखि ३ वर्षको लेखापरीक्षण गरिएको विवरण (Audited Financials), स्थायी लेखा नम्बर (PAN/VAT) र कर चुक्ता प्रमाण।

वास्तविक धनी संरचना (BO Structure)

सेयरधनीहरूको लगत, प्रबन्धपत्र, र अन्तिम नियन्त्रण गर्ने व्यक्तिको नागरिकता/राहदानी।

व्यावसायिक प्रमाण (Business Proof)

मुख्य आपूर्तिकर्ता र ग्राहकहरूसँगका सम्झौता पत्र, भौतिक निरीक्षण (Site Visit) प्रतिवेदन।



सम्पत्ति शुद्धीकरण निवारण एक पटक गरिने कार्य होइन,
यो एक निरन्तर चलिरहने सुरक्षा चक्र हो।

यदि विस्तृत सदस्य पहिचान (EDD) गर्दा ग्राहकले आवश्यक कागजात बुझाउन अस्वीकार गरेमा, वा कागजात/स्रोत शङ्कास्पद देखिएमा वित्तीय संस्थाले खाता खोल्न वा कारोबार गर्न इन्कार गर्नुपर्छ।

STR / SAR

वित्तीय जानकारी एकाइ (FIU) मा शङ्कास्पद कारोबार प्रतिवेदन अनिवार्य पेस गर्नुपर्छ।

अनुसूची-३[५]

.... सहकारी संस्था लि.

.... ।

जोखिम मूल्याङ्कनको वार्षिक प्रतिवेदन

(दफा १३ को उपदफा (३) सँग सम्बन्धित)

क. संस्थाको नाम:–

ख. ठेगाना:–

ग. दर्ता नं:– दर्ता मिति:– दर्ता गर्ने कार्यालय:–

घ. पान नं:–

ङ. नियामक निकाय:–

च. प्रतिवेदन अद्यावधिक:– साल महिना

छ. संस्थाको कार्यक्षेत्र:–

ज. शेयर सदस्य संख्या:– महिला - पुरुष - जम्मा - संस्थागत सदस्य संख्या -

झ. पछिल्लो आ.व. को जम्मा सम्पत्ति रु. ....

पछिल्लो आ.व. को सदस्यहरुबाट प्राप्त जम्मा बचत रु ....

पछिल्लो आ.व. को जम्मा ऋण लगानी रकम रु......................

पछिल्लो आ.व. को जम्मा शेयर रकम रु ....

ञ. सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी नीति/कार्यविधि जारी गरेको मिति:–

ट. नीति /कार्यविधि अद्यावधिक गरेको मिति:–

ठ. जिल्ला वा केन्द्र वा अन्य संघ वा महासंघमा सदस्यता भएको भए सो को विवरण:–

ड. कार्यान्वयन अधिकारी:– नाम:–

फोन नं. ईमेल:

ढ. संचालक समितिको जम्मा सदस्य संख्या -

ण. पछिल्लो पटक समितिको निर्वाचन भएको वर्ष -

त. जम्मा कर्मचारी संख्या -

थ. पछिल्लो पटक साधारण सभा भएको मिति -

द. संस्थाले प्रयोग गरेको सफ्टवेयर -

सि.नं	विवरण	अघिल्लो आ.ब. सम्मको	यस आ.ब. मा भएको	जम्मा	कैफियत

[५] पाँचौं संशोधनद्वारा संशोधित ।

...ा ढुङ्गाना

			थप/घट		
१.	जम्मा सदस्य संख्या				
२.	पहिचान(KYM) अद्यावधिक संख्या				
३.	पहिचान(KYM) अद्यावधिक हुन बाँकी संख्या				
४.	उच्च जोखिम स्तरका जम्मा सदस्य संख्या:–				
	क) उच्च पदस्थ आधारमा उच्च जोखिम स्तर संख्या:–				
	ख) कारोबारको आधारमा उच्च जोखिम स्तर संख्या:–				
	ग) पेशा, व्यवसायका आधारमा उच्च जोखिम स्तर संख्या:–				
	घ) पहिचान तथा पृष्ठभूमिका आधारमा उच्च जोखिम स्तर संख्या:–				
	ङ) भौगोलिक क्षेत्रका आधारमा उच्च जोखिम स्तर संख्या:–				
	च) अन्य कुनै आधारमा उच्च जोखिम स्तर संख्या:–				
५.	मध्यम जोखिम स्तरका कुल सदस्य संख्या				
	क) पदका आधारमा मध्यम जोखिम स्तर संख्या:–				
	ख) कारोबारका आधारमा मध्यम जोखिम स्तर संख्या:–				
	ग) पेशा, व्यवसायका आधारमा मध्यम जोखिम स्तर संख्या:–				
	घ) अन्य आधारमा मध्यम जोखिम स्तर संख्या:–				
६.	न्यून जोखिम स्तरका जम्मा सदस्य संख्या:–				
७.	जोखिम स्तर परिवर्तन भएका सदस्य संख्या:–				
८.	उच्चपदस्थ व्यक्तिको संख्या				
९.	सिमा कारोवार प्रतिवेदन(TTR) संख्या:–				

१०.	शंकास्पद कारोवार प्रतिवेदन(STR) सङ्ख्या:–				
११.	शंकास्पद गतिविधी प्रतिवेदन(SAR) सङ्ख्या:–				
१२.	वास्तविक धनि पहिचान भएको संङ्ख्या:–				
१३.	वृहत पहिचान गरीएको सदस्य संङ्ख्या:–				
१४.	आन्तरिक अनुगमन तथा समिक्षा बैठक संङ्ख्या:–				
१५.	रु. २५ लाख वढी वचत रकम भएका सदस्य संङ्ख्या:–				
१६.	रु. २५ लाख वढी ऋण रकम भएका सदस्य संङ्ख्या:–				
१७.	रु. २५ लाख वढी शेयर रकम भएका सदस्य संङ्ख्या:–				
१८.	वर्षभरिमा एकै दिनमा रु. १० लाख भन्दा वढी रकमको आर्थिक कारोवार गर्ने (संस्थामा रकम जम्मा गर्ने वा रकम निकाल्ने) जम्मा सदस्य संङ्ख्या:–				
१९.	संस्थाले एटीएम सर्भिस संचालन गरे/नगरेको				
२०.	संस्थाले रेमिटान्स सर्भिस संचालन गरे/नगरेको				
२१.	संस्थाले मोवाइल एप संचालन गरे/नगरेको				

तयार गर्ने:
हस्ताक्षर:–
नाम:–
पद:–
मिति:–
संस्थाको छाप:–

स्विकृत गर्ने:–
हस्ताक्षर:–
नाम:–
पद:–
मिति:–

उमेश ढुङ्गाना
रजिष्ट्रार

दण्ड

रिपोर्टिङ नगरेमा	जरिवाना: १० लाखसम्म
बेनामी वा काल्पनिक खाता	जरिवाना: ५ करोडसम्म
प्रणालीगत लापरवाही	सजाय: संस्थाको दर्ता खारेज

यस विभागको मिति को निर्णयानुसार खटाइएको टोलीबाट श्री बहुउद्देश्यीय सहकारी संस्था लि.. भएको अनुगमन प्रतिवेदनको आधारमा कार्यान्वयन हुन बाँकी देखिएका सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानुनको व्यवस्थाहरु पालनाको सम्बन्धमा रजिष्ट्रारद्वारा जारी निर्देशनहरुः

सि.नं.	अनुगमनमा देखिएका कैफियतहरु	विभागको निर्देशन
१.	संस्थागत जोखिमको पहिचान तथा मूल्यांकन नगरेको ।	छ) सम्पत्ति शुद्धीकरण सम्बन्धी सहकारी संघसंस्थालाई जारी निर्देशनको दफा १३(२) बमोजिम जोखिम मूल्यांकन प्रतिवेदन तयार गरी २०८३ भाद्र मसान्त भित्र विभागमा पेश गर्ने. ज) सदस्यहरुको जोखिमको आधारमा पहिचान र मूल्याङ्कन गरी उच्च, मध्यम र न्यून जोखिम स्तर निर्धारण गरी सो को जानकारी विभागमा गराउने ।
२.	जोखिम मूल्यांकन प्रतिवेदनका आधारमा आन्तरिक नीति तथा कार्यविधिको अद्यावधिकरण नभएको ।	विभागले जारी गरेको निर्देशनको दफा २७(४) बमोजिम जोखिम मूल्यांकन प्रतिवेदनका आधारमा आन्तरिक नीति तथा कार्यविधिको अद्यावधिकरण गरी पेश गर्ने।
३.	कार्यान्वयन अधिकारी नतोकिएको ।	विभागले जारी गरेको निर्देशनको दफा २४(१) बमोजिम संचालक समितिको निर्णयबाट कार्यान्वयन तोकी विभागमा जानकारी गराउने।
४.	सबै सदस्यको सदस्य पहिचान गरी सदस्य पहिचान फाराम नभराइएको ।	विभागले जारी गरेको निर्देशनको दफा ३ बमोजिम सबै सदस्यको सदस्य पहिचान गरी सदस्य पहिचान फाराम भराइ विभागमा जानकारी गराउने।
५.	शंकास्पद कारोबार प्रतिवेदनको लागि खास कारोवारको पहिचान गर्ने प्रणाली विकास नगरेको ।	सम्पत्ति शुद्धीकरण सम्बन्धी सहकारी संघसंस्थालाई जारी निर्देशनको दफा २० बमोजिम संस्थाले खास कारोबारको सम्बन्धमा विशेष ध्यान दिने प्रणालीको विकास गर्ने ।
६.	उच्च पदस्थ व्यक्ति पहिचान गर्ने प्रणाली विकास नभएको ।	सम्पत्ति शुद्धीकरण सम्बन्धी सहकारी संघसंस्थालाई जारी निर्देशनको दफा ८ मा उल्लेख भए बमोजिम उच्च पदस्थ व्यक्तिको पहिचान गरी सो को अभिलेख राखे ।
७.	वास्तविक धनी पहिचान गर्ने प्रणाली विकास नभएको ।	सम्पत्ति शुद्धीकरण सम्बन्धी सहकारी संघसंस्थालाई जारी निर्देशनको दफा १० बमोजिम वास्तविक धनीको पहिचान तथा एकीन गर्नुपर्ने र सो को लागि राष्ट्रिय परिचयपत्र/प्यान नं. राखी सदस्यहरुको पहिचान गर्ने र COPOMIS अद्यावधिक गर्ने ।
८.	संचालक समितिको बैठकमा कम्तीमा ६	सम्पत्ति शुद्धीकरण सम्बन्धी सहकारी संघसंस्थालाई जारि

	महिनाको एक पटक ऐन, नियमावली र निर्देशन बमोजिम भए गरेका काम कारवाहीको समीक्षा गर्ने नगरेको।	निर्देशनको दफा २४(७) बमोजिम संस्थाले संचालक समितिको बैठकमा कम्तीमा ६ महिनाको एक पटक ऐन, नियमावली र निर्देशन बमोजिम भए गरेका काम कारवाहीको समीक्षा गर्ने।
९.	ऐनको परिच्छेद ६ख. को पालना नभएको ।	सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ को परिच्छेद ६ख. तथा विभागको निर्देशन दफा ५ अनुसार सूचीकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति तथा कोष रोक्का सम्वन्धी व्यवस्था पालना गर्नुपर्ने ।
१०.	वर्षभरि संस्थाले AML/CFT सम्वन्धमा गरेका कार्यहरु समेटि वार्षिक समीक्षा गरी प्रतिवेदन तयार नगरेको ।	सम्पत्ति शुद्धीकरण सम्वन्धी सहकारी संघसंस्थालाई जारी निर्देशनको दफा १३(६) बमोजिम वर्षभरि AML/CFT सम्वन्धमा गरेका कार्यहरु समेटी वार्षिक समीक्षा सहितको प्रतिवेदन विभागमा पेश गर्ने ।

११. उपरोक्त निर्देशनहरु तथा विभागबाट जारी सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धी निर्देशन र सम्वद्ध सबै कानूनी व्यवस्थाहरुलाई प्रणालीगत विकास गरी नित्य निरन्तर कार्यान्वयन गरी लागु गर्ने ।

१२. उपरोक्त निर्देशनहरुरु आगामी ३ महिनाभित्र पुर्ण रुपमा कार्यान्वयन गर्न निरन्तर प्रणालीगत विकास गरी लागु गर्ने गराउने र सो बमोजिम भए गरेका कार्यान्वयनका सुधार प्रगती देखिने विवरण, कागजात र प्रतिवेदनहरुको प्रतिलिपी विभागमा बुझाउने ।

थप जानकारीको लागि

youtube.com/@Narayan.Belbase मा जोडिनुहोला

Thanking You

Wish You a Good Luck